# पनौती नगरपालिका
## Panauti Municipality
## नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipal Executive

पनौती
Panauti

काभ्रेपलाञ्चोक
Kavrepalanchowk
३ नं. प्रदेश नेपाल ।
3 No. Province, Nepal

प.सं.: ०७५।७६
च.नं.: ८८३

मिति ०७५।०७।१३

बिषय : निर्णय प्रतिलिपी पठाइएको ।

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार, काठमाण्डौं ।

प्रस्तुत बिषयमा यस पनौती नगरपालिका नगर कार्यपालिकाको मिति २०७५।०७।१२ मा सम्पन्न बैठकको निर्णय आवश्यक जानकारीका लागि यसै साथ संलग्न राखि पठाईएको ब्यहोरा अनुरोध गरिन्छ ।

विजय राज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ तथा कार्यार्थ :**

श्री प्रमुखज्यूको सचिवालय
पनौती नगरपालिका ।

श्री उप प्रमुखज्यूको सचिवालय
पनौती नगरपालिका ।

श्री सवै वडा कार्यालयहरू
पनौती नगरपालिका वडा नं. १ देखि १२ सम्म

श्री सबै कार्यपालिका सदस्यज्यूहरू, सबै ।

श्री सवै शाखाहरू
पनौती नगरपालिका, नगर कार्यपालिकाको कार्यालय ।

Phone: 011-440138, 011-440136
Website: www.panautimun.gov.np
Fax No.: 011-440137
Email: info@panautimun.gov.np

मिति : २०७५।०७।१२

समय : बिहान ७:४५ बजे

स्थान : पनौती न.पा. भवन

आज मिति २०७५ साल कार्तिक १२ गते सोमबारका दिन पनौती नगरपालिकाका प्रमुख श्री भीम न्यौपानेज्यूको अध्यक्षतामा पनौती नगर कार्यपालिकाको ४४ औं बैठक बस्यो, बैठकमा देहाय बमोजिमको उपस्थिति रहयो ।

उपस्थिति

| सि.नं | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री भिम न्यौपाने | प्रमुख | द.ख. |
| २ | श्री गिता बन्जारा | उप प्रमुख | द.ख. |
| ३ | श्री गुणनाथ सापकोटा | वडा अध्यक्ष वडा नं. १ | द.ख. |
| ४ | श्री तिलकबहादुर तामाङ्ग | का.वा. वडा अध्यक्ष वडा नं. २ | द.ख. |
| ५ | श्री किशोर थापा | वडा अध्यक्ष वडा नं. ३ | द.ख. |
| ६ | श्री बुद्धसिंह थापा | वडा अध्यक्ष वडा नं. ४ | द.ख. |
| ७ | श्री श्रीधर पाध्या कुईकेल | वडा अध्यक्ष वडा नं. ५ | द.ख. |
| ८ | श्री सुधिर सापकोटा | वडा अध्यक्ष वडा नं. ६ | द.ख. |
| ९ | श्री रामचन्द्र नास्नानी | वडा अध्यक्ष वडा नं. ७ | द.ख. |
| १० | श्री केशव बन्जारा | वडा अध्यक्ष वडा नं. ८ | द.ख. |
| ११ | श्री शहकुलकुमार हुमागाई | वडा अध्यक्ष वडा नं. ९ | द.ख. |
| १२ | श्री मोहनबहादुर भण्डारी | वडा अध्यक्ष वडा नं. १० | द.ख. |
| १३ | श्री तारामान लामा | वडा अध्यक्ष वडा नं. ११ | द.ख. |
| १४ | श्री इश्वरराज जंगम | वडा अध्यक्ष वडा नं. १२ | द.ख. |
| १५ | श्री चण्डिका परियार | न.का.पा.स. | द.ख. |
| १६ | श्री निला अधिकारी | न.का.पा.स. | द.ख. |
| १७ | श्री भवानी विश्वकर्मा | न.का.पा.स. | द.ख. |
| १८ | श्री राधिका विश्वकर्मा | न.का.पा.स. | द.ख. |
| १९ | श्री सिता श्रेष्ठ | न.का.पा.स. | द.ख. |
| २० | श्री केवल रम्तेल | न.का.पा.स. | द.ख. |
| २१ | श्री मदन विश्वकर्मा | न.का.पा.स. | द.ख. |
| २२ | श्री रामकाजी पहरी | न.का.पा.स. | द.ख. |
| २३ | श्री बिजयराज पौडेल | प्रमुख प्रशासकीय अधिकृत | द.ख. |
| २४ | श्री इन्द्रप्रसाद अधिकारी | बरिष्ठ प्रशासकीय अधिकृत | द.ख. |
| २५ | श्री केशव कर्माचार्य | खरिदार | द.ख. |

पनौती नगरपालिका नगर कार्यपालिकाको कार्यालय पनौती, काभ्रेपलाञ्चोक ३ नं. प्रदेश नेपाल २०७३

निर्णय प्रतिलिपी रुजु

२०७५।०७।१२

इन्द्रप्रसाद अधिकारी
बरिष्ठ प्रशासकीय अधिकृत

**प्रस्तावहरू**

१. स्वास्थ्य कार्यक्रम स्वीकृत सम्बन्धमा ।
२. सामाजिक सुरक्षा कार्यविधि स्वीकृत सम्बन्धमा ।
३. नगरस्तरिय योजनाको उपभोक्ता समिति गठन सम्बन्धमा ।
४. योजना संचालन सम्बन्धमा ।
५. सडक बोर्डको योजना छनौट सम्बन्धमा ।
६. विविध :

क) कार्यक्रम संचालन खर्च सम्बन्धमा ।

**निर्णयहरू :**

१. (क) प्रस्ताव नं. १ उपर छलफल गर्दा तेस्रो नगर सभाबाट स्वास्थ्य कार्यक्रममा विनियोजित रकम रू. ८३ लाख ४० हजारलाई शिर्षकगत रूपमा बाडफाँड गरि सामाजिक विकास समितिबाट सिफारिश भई आए अनुसारको उक्त कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो ।

(ख) यस नगरपालिकाको वडा नं. ६ र १२ को सम्बन्धित वडाले निर्धारण गरेको उपयुक्त स्थानमा खोप केन्द्र भवन निर्माण गर्ने निर्णय गरियो ।

२. प्रस्ताव नं. २ उपर छलफल गर्दा बिशेष सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ को प्रस्तावित ढाँचामा भत्ता पाउन योग्य ब्यक्तिको सम्बन्धमा विवाह भई १५ बर्षदेखि पति बेपत्ता भएका महिलालाई लाभग्राहीमा समावेश गरी निजहरूको पहिचान र प्रमाणिकरणका सम्बन्धमा प्रहरी सर्जमीन समाबेश गर्ने गरी पेश भएको कार्यविधि स्वीकृत गर्ने निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ उपर छलफल गर्दा चालु बर्षका लागि स्वीकृत नगरस्तरिय योजनाको सम्बन्धित वडाको संयोजनमा देहाय बमोजिम उपभोक्ता समिति गठन गर्ने निर्णय गरियो ।

कार्यतालिका

वडा नं. १, २ र ३ कार्तिक १५ देखि २० सम्म

वडा नं. ४, ५ र ८ कार्तिक २५ देखि मंसिर ०५ सम्म

वडा नं. ६ र ७ मंसिर ०६ देखि मंसिर १३ सम्म

वडा नं. ९ र १० मंसिर १५ देखि मंसिर २५ सम्म

वडा नं. ११ मंसिर २७ देखि मंसिर २८ सम्म

वडा नं. १२ मंसिर ३० देखि पौष ०२ सम्म

४. (क) प्रस्ताव नं. ४ उपर छलफल गर्दा नगरस्तरिय योजना मध्ये निम्न योजनाहरू ठेक्का बन्दोबस्तबाट संचालन गर्ने निर्णय गरियो ।

वरिष्ठ प्रशासकीय अधिकृत

१. १९ संखु दाहालटार लिफ्ट खानेपानी वडा नं. १० रू. ५०,००,०००।-

२. २६ लायकु दरवार क्षेत्र उत्खनन् संरक्षण एवं विस्तार कार्य वडा नं. ७ रू. ५०,००,०००।-

३. ३७ जेष्ठ नागरिक चौतारी निर्माण, बल्थली महादेवस्थान वडा नं. ११ रू. २०,००,०००।-

४. ४५ सामुदायिक चोक संखेल मोटरबाटो वडा नं. ४ रू. १००००,०००।-

५. ४६ अरूणमार्ग स्तरोन्नती वडा नं. ४ रू. ५०,००,०००।-

६. ४७ दुरसंचार टौखाल खरिबोट मोटरबाटो वडा नं. ४ रू. १००००,०००।-

७. ६४ सलान्दु खोला कल्भर्ट निर्माण वडा नं. १० रू. २०,००,०००।-

८. ८२ किटिनी पस्थली सिंगेपाटी जाकीडोल मोटरबाटो वडा नं. ९ र १० रू. ३०,००,०००।-

९. ८८ लिलावती सिंचाई योजना वडा नं. ४ र ८ रू. ५०,००,०००।-

१०. १०४ त्रिवेणीघाट ढल ब्यबस्थापन वडा नं. ४ र ७ रू. १००००,०००।-

(ख) १ पनौती १ मा निर्माण हुने शहिदपार्कको कार्य DPR बमोजिम उपभोक्ता समिति मार्फत संचालन गर्ने निर्णय गरियो ।

२. पनौती ४ मा निर्माण हुने ठाडोबाटो नागी मोटरबाटो उपभोक्ता समिति मार्फत संचालन गर्ने निर्णय गरियो ।

५. प्रस्ताव नं. ५ उपर छलफल गर्दा यस बर्ष सडक बोर्ड नेपालसंगको साझेदारीमा संचालन गर्नका लागि सामुदायिक (टौखाल) चोक शंखेल सडक मर्मत सुधार योजना छनौट गर्ने निर्णय गरियो ।

६. बिबिध :

(क) काभ्रे उपत्यका खानेपानी ब्यवस्थापन बोर्डको २०७५।०७।०७ को पत्रानुसार पनौती नगरपालिका वडा नं. १२ स्थित यज्ञविक्रम के.सी. को घरभन्दा माथिल्लो खण्ड रोशी खोलामा ग्याबियन जाली राखी कटान नियन्त्रण गर्न आवश्यक रकम मध्ये बनेपा धुलिखेलले साँढे दुई साँढे दुई लाख ब्यहोर्ने ब्यवस्था भएकोमा जालीमा ढुंगा भर्ने र बन्द गर्ने कार्यका लागि आवश्यक बजेट मध्ये ६ लाख रूपैयाँ यस न.पा. ले सम्बन्धित खर्च शिर्षकबाट ब्यहोर्ने ब्यवस्था मिलाउने निर्णय गरियो ।

(ख) यस नगरपालिका क्षेत्रभित्रका निम्न संघ संस्थालाई प्रस्तावित कार्यक्रम संचालन गर्न सम्बन्धित खर्च शिर्षकबाट देहाय बमोजिम सहयोग रकम उपलब्ध गराउने निर्णय गरियो ।

१. रोट्प्याक्ट क्लब अफ पनौती नृत्य प्रतियोगिता आयोजना रू. २०,०००।-

२. पनौती नेपाल, पनौती रू. ३५,०००।-

३. खेलकुद विकास कार्यक्रमबाट वडा नं. २ मा संचालन भएको प्रथम मेयर कप फाईप ए साईड मिनी पोष्ट फुटबल प्रतियोगिता २०७५ का लागि रू. ५०,०००।- कुशादेवी युवा कल्बलाई सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

इन्द्रप्रसाद अधिकारी
बरिष्ठ प्रशासकीय अधिकृत